गोविन्द
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१/१०/११ गतेका दिन यस मालारानी गाउँ कार्यपालिकाको ५४ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| क्र. स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | - | श्री दिपा पोखरेल | उपाध्यक्ष | |
| ३ | १ | श्री दधिराम आचार्य | सदस्य | |
| ४ | २ | श्री योगेन्द्रनाथ भुसाल | सदस्य | |
| ५ | ३ | श्री दण्डपाणि पोखरेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोखरेल | सदस्य | |
| ७ | ५ | श्री तुल्सीराम मिश्र(तिलक) | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार वस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | |
| १३ | ८ | श्री पद्मा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | |
| १५ | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | |
| १८ | - | श्री गोविन्द भट्टराई | सदस्य सचिव | |

**कार्यसम्पादन सहयोगी कर्मचारीहरुः**

१ श्री रमेश पन्थी- शाखा अधिकृत
२ नेत्र प्रसाद खनाल- कार्यक्रम अधिकृत
३ खुविराम पन्थी- लेखा अधिकृत
४ पशुपती चुँदाली – प्रशासन शाखा प्रमुख
४ पदम आचार्य- स.क.अ.

मालारानी गाउँपालिका

## गाउँ कार्यपालिकाको ५४ औं बैठक

मितिः २०८१।१०।११

समयः विहानः ११.०० बजे

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

बैठकका प्रस्तावहरु

१ ५३औं बैठकको समिक्षा सम्बन्धमा।
२ कालिका ने.रा. मा.वि.को गुरुयोजनामा भएका क्रियाकलाप संशोधन सम्बन्धमा
३ मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाको रकम सोधभर्ना र पेश्की सम्बन्धमा।
४ उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना(HICDPs) मा पेश गर्ने आयोजना निर्माण स्थलको माटो परिक्षण सम्बन्धमा
५ सुर्य मा.वि. को जस्तापाता माग निवेदन सम्बन्धमा
६ गोवनपानी सिंचाई पोखरी तारबार सम्बन्धमा
७ तुल्सी कुमारी खनालको घरको भग्नावशेष हटाउने सम्बन्धमा
८ बिबिध/ समसामयिक बिषयहरु सम्बन्धमा

बैठकका प्रस्ताव र निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | ५३ औं बैठकको समिक्षा | अघिल्लो बैठकबाट भएका निर्णयहरुको अवस्था विश्लेषण हुनुपर्ने। | मिति २०८१।०९।२५ गतेको गाउँ कार्यपालिका बैठकबाट भएका १६ वटा निर्णयहरुको कार्यान्वयन अवस्थाबारे क्रमश समिक्षा गरियो। जसमा सबै निर्णयहरु कार्यान्वियनको चरणमा रहेको देखिएकोले निर्णयहरु समयमै कार्यान्वयन गरी नतिजा हासिल गर्नको लागि सरोकारावाला सबैले आवश्यक समन्वय र सहजिकरण गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| २ | कालिका ने.रा. मा.वि.को गुरुयोजना संशोधन सम्बन्धमा। | कालिका ने.रा. मा.वि. व्यवस्थापन समितिको निर्णयबाट उक्त गुरुयोजना संशोधनको लागि अनुरोध भएको र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, बिद्यालय शिक्षा मापदण्ड निर्धारण शाखाको प.सं. २०७८/७९, च.नं. ६६५ मिति २०७९।०१।१५ को पत्र अनुसार उक्त संशोधित योजना कार्यपालिकाबाट स्वीकृत हुनु पर्ने। | सङ्घीय सरकारको नमुना बिद्यालयको रुपमा छनौट भएको कालिका ने.रा मा.वि. खनको गुरुयोजना अन्तर्गत शैक्षिक तथा व्यवस्थापकीय तर्फको पहिलो संशोधनको लागि विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०९।२५ गतेको बैठको निर्णय , संशोधित गुरुयोजना संलग्न राखी सोही मितिमा पेश भएको पत्र र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, बिद्यालय शिक्षा मापदण्ड निर्धारण शाखाको प.सं. २०७८/७९, च.नं. ६६५ मिति २०७९।०१।१५ को पत्र अनुसार उक्त बिद्यालयबाट गुरुयोजना अन्तर्गतको शैक्षिक तथा व्यवस्थापकीय तर्फ पेश भएको संशोधित योजनालाई स्वीकृत गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ३ | मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाको रकम सोधभर्ना र पेश्की सम्बन्धमा। | परियोजना सन्चालनको लागि साझेदार संस्थालाई पेश्की रकम उपलब्ध गराउन गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने कानुनी प्राबधान रहेको। | यस गाउँपालिकाको साझेदारी कार्यक्रम सन्चालन तथा व्यवस्थापन कार्यविधि अन्तर्गत गठित निर्देशक समितिको मिति २०८१।१०।०७ गतेको बैठकको निर्णय नं. १ र २ बाट यस गाउँपालिका अन्तर्गत सन्चालनमा रहेको मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाको साझेदार संस्था हेफर प्रोजेक्ट नेपाल/RCHDCले मिति २०८१।०६।२२ गते प्रथम किस्ता पेश्की रकम निकासाको लागि निवेदन पेश गरेकोमा सो परियोजनालाई हालसम्म पेश्की निकासा नगरिएको र उक्त संस्थाले परियोजना अन्तर्गतका स्वीकृत क्रियाकलापहरुमा हालसम्म रु. ६,९२,४१५।०० ( छ लाख बयानव्वे हजार चार सय पन्ध्र ) बरावरको क्रियाकलापहरु सम्पन्न गरी सोको बिल भर्पाई सहित शोध भर्ना माग भएको र प्रथम किस्तामा वचत भएको र दोस्रो किस्ता वापतको गरी जम्मा रु ७१,४७,५८५।००( एकहत्तर लाख सत्चालिस हजार पाँच सय पन्चासी मात्र ) पेश्की निकासाको लागि गरेको सिफारिस अनुमोदन गरी पेश भए बमोजिमको रकम उक्त प्रोजेक्टलाई सोध भर्ना गर्ने र पेश्की रकम निकासा दिने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |

अध्यक्ष

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ४ | भारत सरकारबाट सन्चालित उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना(HICDPs ) मा पेश गर्ने आयोजना निर्माण स्थलको माटो परिक्षण सम्बन्धमा। | उक्त परियोजनामा पेश गरिने विद्यालय भवन निर्माणको DPR मा योजना स्थलको माटो परिक्षणको प्रतिवेदन समेत समावेश भएको हुनु पर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को च.नं.४२२ मिति २०८१।०३।०५ को उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) स्थानीय तहले आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धिको पत्र अनुसार श्री आदर्श माध्यमिक विद्यालय, श्री विरेन्द्र मा.वि र सुर्य मा.वि. बाट बिद्यालय भवन समेतका पूर्बाधार निर्माणको लागि उक्त परियोजनामा पेश गर्नको लागि DPR हरु पेश गरेको र उक्त DPR हरुमा माटो परिक्षण प्रतिवेदन संलग्न नदेखिएकोले उक्त ३ वटै प्रस्तावित आयोजनाहरुको माटो परिक्षण गर्ने गराउने र उक्त कार्य गर्दा लाग्ने कुल खर्चको ७५ प्रतिशत गाउँपालिकाले व्यहोर्ने र २५ प्रतिशत रकम सम्बन्धित बिद्यालयले ब्यहोर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ५ | सुर्य मा.वि.को जस्तापाता माग निवेदन सम्बन्धमा। | विद्यालयले उपचारात्मक कक्षा सन्चालनको लागि बिद्यार्थिको लागि खाजा/ खाना पकाउनको लागि निर्माण गरिएको टहराको छाना हावाहुरीले नष्ट गरेकोले उक्त टहराको छाना छाउनको लागि जस्तापाता माग निवेदन पेश भएकोले कार्यपालिकाबाट निर्णय हुनु पर्ने। | यस गाउँपालिका वडा नं. ९ स्थित सुर्य मा.वि.ले उपचारात्मक सिकाई कक्षा सन्चालनको लागि विद्यार्थीहरुलाई खाना/ खाजा पकाउनको लागि तयार गरेको टहरा छाउनको लागि मर्मत सम्भार कोषबाट खर्च व्यवस्थापन हुने गरी ३ बण्डल जस्तापाता उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ६ | तुल्सी कुमारी खनालको घरको भग्नावशेष हटाउने सम्बन्धमा। | वडा नं. ३ स्थित तुल्सीकुमारी खनालको घर र गोठ विपद्बाट भत्किन गई उक्त संरचनाका भग्नावशेष हटाउनको लागि निशुल्क व्याक हो लोडर माग र वडा कार्यालयबाट भएकोले कार्यपालिकाबाट स्वीकृत हुनु पर्ने। | यस गाउँपालिका वडा नं. ३ निवासी तुल्सी कुमारी खनलाको घर र गोठ भत्किदा उक्त स्थानमा रहेको माटो ढुङ्गा र काठ हटाउनको लागि यस गाउँपालिकाको व्याक हो लोडर निशुल्क पठाउने। | पेश भएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ७ | गोवन पानी सिंचाई पोखरी तारवार सम्बन्धमा। | वडा नं. ९ गोवनपानी स्थित गाउँपालिकाको अनुदानमा निर्माण गरिएको सिंचाई पोखरी खुल्ला रहेको अवस्थामा वालवालिका जोखरिमा रहेकोले तारवारको लागि अनुरोध भएकोमा कार्यपालिकाबाट निर्णय हुनु पर्ने। | यस गाउँपालिका वडा नं. ९ स्थित गोवन पानी सिंचाई पोखरी तारवार गरी वालवालिकालाई जोखिममुक्त बनाउन लागत अनुमान अनुसारको कार्यसम्पन्न गर्ने र सोको खर्च व्यवस्थापन मर्मत सम्भार कोषबाट गर्ने। | पेश भएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ८ | बिबिध/ समसामयिक बिषयहरु सम्बन्धमा | | | |
| ८.१ | क्यान्सर रोग उपचार आर्थिक सहयोग सम्बन्धमा। | वडा नं. ९ स्थित शशी थापाको क्यान्सर रोग उपचारको लागि आर्थिक सहयोग माग भई निवेदन समेतका कागजात पेश भएकोले कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | यस गाउँपालिका वडा नं. ९ निवासी हिरा बहादुर थापाको श्रीमती शशी थापालाई क्यान्सर रोग उपचारको लागि रु. २००००।००( वीस हजार आर्थिक सहयोग उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर [illegible]
[illegible]

प्रमुख प्रशासकीय अधिकृत

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
| --- | --- | --- | --- | --- |
| ८.२ | बिचल्लीमा परेकाको स्वास्थ्य उपचार सहयोग सम्बन्धमा। | वडा नं. ८ निवासी यमकला घ.म. ले श्रीमानको मृत्यु भएको र आर्थिक अवस्था कमजोर भएकोले छोराछोरी पालन पोषणको लागि माईतमा बसेकोले छोरी मनिषा घ.म.को उपचारको लागि आर्थिक सहयोग माग भई निवेदन सहितका कागजात पेश भएको। | यस गाउँपालिका वडा नं. ९ निवासी यमकला घ.म.लाई छोरीको उपचारको लागि रु. १००००।००( दश हजार ) आर्थिक सहयोग उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ८.३ | पाणिनी पर्यटन समाजको प्रस्तावना पत्र सम्बन्धमा। | पाणिनी पर्यटन समाज, अर्घाखाँचीले "आठौं पाणिनी कृषि, पर्यटन, उद्योग र व्यपार महोत्सव- २०८१ " २०८१ फागुन ६ देखि १८ गते सम्म सन्चालनको लागि आर्थिक सहयोगको लागि रु.३३,३३,३३३।०० को आर्थिक प्रस्ताव संलग्न राखि निवेदन पेश गरेकोले कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | पाणिनी पर्यटन समाज, अर्घाखाँचीबाट आयोजना हुने "आठौं पाणिनी कृषि, पर्यटन, उद्योग र व्यपार महोत्सव- २०८१ " को लागि उक्त समाजलाई रु. १५०००।००( पन्ध्र हजार ) आर्थिक सहयोग उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ८.४ | पूर्ण सरसफाई कार्यक्रम अनुगमन तथा सहजिकरण समिति | दिगो विकासका लक्ष्य अनुरुप गाउँपालिकालाई पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणाको अभियान EACH परियोजनाको सहजिकरणमा वडा कार्यालय मार्फत सन्चालन भईरहेको अवस्थामा उक्त अभियान मार्फत भएका कार्य र उपलब्धीको अनुगमन तथा सहजिकरण गरी नियमित प्रतिवेदन गर्नको लागि अनुगमन तथा सहजिकरण समितिको आवश्यक भएकोले उक्त समिति कार्यपालिकाबाट गठन भएको हुनुपर्ने। | यस गाउँपालिकामा सन्चालित पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा अभियानको अनुगमन तथा सहजिकरण गरी गाउँ कार्यपालिकामा नियमित प्रतिवेदन पेश गर्ने प्रयोजनको लागि श्री खड्क प्रसाद भुसाल ( वडा अध्यक्ष- वडा नं. ७) संयोजकत्वमा सदस्यहरु श्री नरेन्द्र कुमार बस्नेत (वडा अध्यक्ष- वडा नं. ८), महेन्द्र बाबु खनाल ( वडा अध्यक्ष- वडा नं. ९)-, श्री योगेन्द्र नाथ भुसाल ( वडा अध्यक्ष- वडा नं. -२), श्री डण्डपाणि पोखेल ( वडा अध्यक्ष- वडा नं. ३) , श्री लिल बहादुर वि.क.( कार्यपालिका सदस्य ), श्री मधु खनाल( कार्यपालिका सदस्य) श्री रमेश पन्थी ( शिक्षा शाखा प्रमुख), श्री सुर्य पन्थी ( प्राविधिक शाखा प्रमुख ) , श्री मन्जु खनाल गैरे ( सहजकर्ता, EACH परियोजना), श्री रश्मी रानाभाट ( संयोजक,EACH परियोजना) र सदस्य सचिव श्री हरि पौडेल ( वास शाखा प्रमुख) रहने गरी पूर्ण सरसफाई कार्यक्रम अनुगमन तथा सहजिकरण समिति गठन गर्ने र सो समितिले आफ्नो कार्ययोजना आफै बनाई कार्यान्वयन गर्ने सोको लागि आवश्यक पर्ने खर्च गाउँपालिकाको उपयुक्त शिर्षकबाट गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ८.५ | स्थायी शिक्षक सरूवा सम्बन्धमा | स्थायी शिक्षक सरूवाको लागि सूचना प्रकाशनको लागि अनुमति प्रदान | जनता आधारभूत विद्यालय, मालारानी-१, सान्देमा रिक्त रहेको प्राथमिक तहको रिक्त एकजना शिक्षक पदमा र बालशिक्षा माध्यमिक विद्यालय, मालारानी-८, कमेरेपानीमा रिक्त प्राथमिक तहका दुईजना शिक्षक पदमा शिक्षक सरूवा निर्देशिका, २०८१ बमोजिम सरुवा गरी पदपूर्ति गर्नको लागि अनुरोध भई आएकोमा उल्लेखित विद्यालयहरूको रिक्त पदमा स्थायी शिक्षक सरूवाको सूचना शिक्षक सरूवा निर्देशिका, २०८१ बमोजिम अनुसूची-१ अनुसार प्रकाशन गर्नुपर्ने देखिएको। | पेश भएको प्रस्तावमा शिक्षक सरूवा निर्देशिका, २०८१ र सोको अनुसूची-१ बमोजिम गर्ने भनिएकोमा हाललाई जिल्लाभित्रको स्थायी शिक्षकले मात्र शिक्षक सरूवाको निवेदन पेश गर्नसक्ने गरी र अन्य विषय पेश भएबमोजिम हुनेगरी स्वीकृति प्रदान गर्ने निर्णय गरियो। |

दल बहादुर
अध्यक्ष